// सिलीचोङ गाउँपालिका

स्थानीय राजपत्र

सिलीचोङ गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ९ , संख्याः ४ ,पौष २८ गते, २०८२ साल

भागः २

# सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि,२०७६ (पहिलो संशोधन ),२०८२

कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७६ मा संशोधन गर्न वाञ्छनीय भएकोले वमोजिम सिलीचोङ गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि,२०७६ (पहिलो संशोधन), २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. **सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७६ को दफा २ मा संशोधन** :- कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७६ को दफा २ को खण्ड (घ) मा रहेको कर्मचारी भन्नाले वार्ड सचिव, विभिन्न शाखामा कार्यरत शाखा प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत लगायतलाई बुझिने छ " भन्ने शब्दहरुको सट्टा "कर्मचारी भन्नाले वडा सचिव, विभिन्न शाखामा कार्यरत शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारी, स्वास्थ्य शाखा अन्तर्गत स्वास्थ्य संस्थामा कार्यरत मेडिकल अफिसर तथा प्रमुख प्रशासकीय अधिकृत लगायतलाई बुझिने छ" भन्ने शब्दहरु राखिएका छन् ।

३. **सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७६ को दफा ३ मा संशोधन :** दफा ३ अन्तर्गत "ताम्कू प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अफिसरले निजको कार्यविवरण

अनुसारको सबै कार्य तथा आवश्यकता अनुसार कार्यालय समयको अतिरिक्त समयमा समेत (२४ सै घण्टा) काम गर्नुपर्ने र गाउँपालिकाको पाँचवटै वडाको स्वास्थ्य संस्थाहरुमा महिनाको ३ पटक घुम्ती सेवा दिनुपर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले थप जिम्मेवारी तोक्न सक्नेछ " भन्ने शब्द थपिएको छ ।

४. **सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७६ को** दफा ४ मा संशोधन : दफा ४ मा खण्ड क पश्चात् खण्ड ख मा " खण्ड क मा जुनसुकै कुरा लेखिएको भएतापनि मेडिकल अफिसरको हकमा आकस्मिक सेवा सहित २४ सै घण्टा सेवा दिएवापत र घुम्ति सेवा दिए वापत निजले खाईपाई आएको तलब स्केलको अधिकतम शत प्रतिशतले नबढ्ने गरी प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ" भन्ने शब्द थपिएको छ ।

***<u>आज्ञाले,</u>***

नामः प्रविण राई

पदः प्रमुख प्रशासकीय अधिकृत